STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ३५० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ पुस २६ गते सोमबार ❑ 10 Jan. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## माघ १५ सम्म विद्यालय बन्द गर्न सिसिएमसीको सिफारिस

**रासस**
**काठमाडौं, २५ पुस**

कोरोना सङ्क्रमणको लहर देखिन थालेपछि कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसी) ले आगामी माघ १५ गतेसम्म सबै विद्यालय बन्द गर्न सिफारिस गरेको छ।

कोरोनाको नयाँ प्रजाति आमिक्रोनको सङ्क्रमण विस्तार भएको तथा देशव्यापी रूपमा सङ्क्रमितको सङ्ख्यामा बढोत्तरी भएपछि सिसिएमसीका तर्फबाट त्यस्तो सिफारिस भएको हो। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार आज मात्रै देशभर एक हजार १७६ जनामा कोरोना सङ्क्रमण भएको छ। सङ्क्रमणको मात्रामा पछिल्ला दिनमा व्यापक वृद्धि भएको छ।

कम्तीमा पनि १५ दिन विद्यालयलगायत बढी भीडभाड हुने सार्वजनिक स्थानलाई बन्द गर्न सिफारिस गरिएको छ। कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्रका सहसचिव एवं प्रवक्ता सुनिता नेपालका अनुसार कोरानाको बढ्दो जोखिमलाई ख्याल गर्दै तत्कालका लागि आगामी माघ १५ सम्म विद्यालय बन्द गर्न सिफारिस गरिएको छ।

सिसिएमसीले गरेको सिफारिसलाई कार्यान्वयनका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस गरेको छ। केही विद्यालयले हिउँदे बिदा गरेका छन्। केही विद्यालय तथा कलेजमा परीक्षा जारी छ। परीक्षा जारी रहेका कलेजलाई स्वास्थ्य मापदण्ड अपनाउन भनिएको छ। हिउँदे बिदा गरेका विद्यालयलाई भने आगामी माघ १५ सम्म लैजान भनिएको छ।

आइतबारको बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठको उपस्थिति थियो। बैठकले बढी भीडभाड हुने सिनेमा घर, पार्क, सार्वजनिक स्थानमा जाँदा अनिवार्यरूपमा खोप लगाएको प्रमाणपत्र देखाउनुपर्ने व्यवस्था लागू गर्न गृह मन्त्रालयलाई सिफारिस गरेको छ।

राजनीतिक दललाई भीडभाड हुने कुनै पनि भेला तथा समारोहको आयोजना नगर्न र महोत्सवलगायत कार्यक्रम नगर्न बैठकले आह्वान गरेको छ। समितिले २५ जनाभन्दा बढी सहभागी हुने गरी कुनै पनि कार्यक्रमको आयोजना नगर्न आग्रह गरेको छ। बैठकले जिल्लाको अवस्था हेरे थप कदम चाल्ने जिम्मा प्रमुख जिल्ला अधिकारीलाई दिएको छ।

## संघीय सरकारको अनुदानले मात्र सरकार चलाउनुले प्रदेशको कुनै औचित्य रहदैन: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ पुस**

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले संघिय सरकारको अनुदानले मात्र सरकार चलाउनुले प्रदेशको कुनै अर्थ र औचित्य नहुने बताउनु भएको छ।



गण्डकी प्रदेश मालपोत कार्यालयहरुसंग राजश्व संकलन र परिचालन सम्बन्धमा आइतबार लेखनाथमा आयोजित अन्तरर्क्रिया कार्यक्रममा वोल्दै मन्त्री बरालले प्रदेशलाई आत्मनिर्भर बनाउनु पर्नेमा जोड दिदै संघिय सरकारको अनुदानले मात्र प्रदेश सरकार चलाउनु कुनै अर्थ र औचित्य नहुने बताउनु भएको हो।

गण्डकी प्रदेशको आन्तरिक श्रोत बृद्धि गर्न आवश्यक भएको उल्लेख गर्दै मन्त्री बरालले प्रदेशलाई आत्मनिर्भर र सक्षम बनाउने दिशा तर्फ कर्मचारीहरु केन्द्रित हुन आग्रह गर्नु भयो। आफ्नो क्षेत्रअधिकार भित्र रहेर अधिक्तम उपायको खोजी गरी आन्तरिक श्रोतको बृद्धि गर्ने, करको दायरालाई बृद्धि गर्ने, करको मात्रालाई कम गर्दै जाने जनता प्रति जवबाफदेही भएर भूमिका निर्वाह गर्नुपर्ने मन्त्री बरालको भनाई रहेको थियो।

आन्तरिक श्रोतको महत्वपूर्ण निकायहरुलाई श्रोत साधन सम्पन्न गराउन र आवश्यक निती नियम संसोधन गर्न प्रदेश सरकारले

बाँकी अन्तिम पृष्ठमा ▶▶

## गण्डकी विश्वविद्यालयले मुख्यमन्त्रीलाई बुझायो वार्षिक प्रतिवेदन

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ पुस**

गण्डकी विश्वविद्यालयले प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेललाई आइतबार वार्षिक प्रतिवेदन पेस गरेको छ।



विश्वविद्यालय न्यासिक परिषद अध्यक्ष डा. दिनेशचन्द्र देवकोटाले मुख्यमन्त्री पोखरेललाई उक्त प्रतिवेदन पेस गरे। उक्त अवसरमा मुख्यमन्त्री पोखरेलले जुन भावना र मर्म अनुसार विश्वविद्यालय स्थापना भएको हो, त्यसैगरी काम गरेर नतिजा देखाउन आग्रह गरे। दक्ष जनशक्ति उत्पादन गरी गण्डकी र अन्य प्रदेशमा समेत उपलब्ध गराउन विश्वविद्यालयले भूमिका खेल्ने विश्वास उनले व्यक्त गरे। शैक्षिक प्रमाणपत्र हातमा परे पनि कुनै सीप नभएका कारण बेरोजगारी बढिरहेको भन्दै यही अवस्था अन्त्यका लागि गण्डकीले विश्वविद्यालय स्थापना गरेको मुख्यमन्त्री पोखरेलको भनाइ थियो। उनले विश्वविद्यालयका गतिविधि र शैक्षिक कार्यक्रमका बारेमा जिज्ञाशा राखेका थिए। कुलपति प्राडा गणेशमान गुरुङले विश्वविद्यालयले नेपालमै पहिलो पटक स्पोर्ट्स म्यानेज्मेन्टको पढाइ सुरु गरेको भन्दै विद्यार्थीको राम्रो आकर्षण रहेको जानकारी गराए। स्पोर्ट्स म्यानेज्मेन्ट सँगै विश्वविद्यालयले व्याचर इन फार्मेसी र व्याचलर इन आइटीको कक्षा पनि सुरु गरेको छ। पोखरा ३२ मा सञ्चालित फार्मेसीमा १५ जना विद्यार्थी छन् भने महेन्द्रपुलबाट सुरु गरिएको आइटिमा २९ जना विद्यार्थीले पढिरहेका छन्। पढाइ, अनुसन्धान र अविष्कारमा जोड दिएको विश्वविद्यालयले अनुसन्धानतर्फ कोदो रक्सीको ब्रान्डिङको काम गरिरहेको छ। अविष्कार केन्द्रको काम पनि अन्तिम चरणमा पुर्‍याएको कुलपति प्राडा गणेशमान गुरुङले जानकारी दिए। निकट भविष्यमै एमबिबिएस पढाइसँगै शिक्षण अस्पतालको अवधारणा ल्याएको विश्वविद्यालयमा जग्गा प्राप्तिको समस्या रहेको उनले बताए। न्यासिक परिषद अध्यक्ष डा. देवकोटाले यो वर्ष विश्वविद्यालयको प्रशासनिक, अनुसन्धान केन्द्र, पुस्तकालय लगायत कक्षा कोठाहरुको निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदनको काम भइरहेकाले यथेष्ट बजेट आवश्यक पर्ने भनाइ राखे। कार्यक्रममा कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दुकुमार थापा। उपकुलपति प्राडा नवराज देवकोटा, प्रदेशका प्रमुख सचिव रवीलाल पन्थ, मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमाल, विश्वविद्यालयका रजिस्ट्रार डा.कैलाश तिमिल्सिनासहित उपस्थित थिए।

## लगानी मैत्री वातावरण बनाउन प्रदेश सरकार प्रतिबद्ध : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ पुस**

गण्डकी प्रदेश सरकारका कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले प्रदेशमा लगानी मैत्री वातावरण बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ। आरकेडी होल्डीङ्ग कम्पनीको ५ औं साधारण सभा तथा दोस्रो अधिवेशन कार्यक्रममा बोल्दै उहाँले व्यवसायीको लगानीलाई सुरक्षा गर्ने जिम्मेबारी सरकारको समेत रहेको उल्लेख गर्नुभयो।




'प्रदेशमा व्यवसायीलाई लगानीमैत्री वातावरण बनाउन हामी प्रतिबद्ध छौं', उहाँले भन्नुभयो, 'व्यवसायी र लगानीकर्ताहरुको हित विपरितको ऐनहरुलाई परिमार्जित गर्दै नियमानुसार सहज र सरल बनाउने छौं।' मन्त्री थापाले आरकेडी होल्डीङ्ग कम्पनीले स्थानीय जनतालाई स्वरोजगारतर्फ केन्द्रीत गराइरहेको उल्लेख गर्नुभयो। कम्पनीले मुनाफा कमाउने हेतुले मात्र नभई सामाजिक सेवा समेत प्रवाह गरिरहेको भनाई उहाँको थियो। 'आरकेडी होल्डीङ्ग कम्पनीले लगानी मात्र गरेको छैन। सामाजिक सेवा समेत प्रवाह गरिरहेको भान हुन्छ। आफु मात्रै कमाउने आफु मात्रै रमाउने नभई जनतालाई नै स्वरोजगार हुन सिकाउने बाटोमा आरकेडी लागेको देख्दा खुशी लागेको छ।', उहाँले भन्नुभयो।

मन्त्री थापाले व्यवसायी क्षेत्रबाट आफु राजनीतिमा आएको र व्यवसायीको पीरमर्कालाई नजिकबाट बुझेको बताउँदै जनताको हितबमोजिम नै व्यवसाय क्षेत्रको वृतिविकासका लागि सरल कानून निर्माणमा ध्यान दिने उल्लेख गर्नुभयो। उहाँले गण्डकी प्रदेशमा पर्यटकको आकर्षण बढाउन थप लगानीको आवश्यकता रहेको बताउनुभयो। प्रदेशमा सम्भावना भएका पर्यटकीय क्षेत्रको विकास र संरक्षणमा सरकारलाई सहयोग गर्न उहाँको आग्रह छ। सबै मिलेर नै प्रदेशको आर्थिक स्थरमा सुधार ल्याउन सकिने धारणा उहाँको छ। मन्त्री थापाले व्यवसायीले लगानी गरेर मात्र नहुने र लगानी अनुसारको उत्पादनमा समेत ध्यान पुर्याउनुपर्ने आवश्यकता रहेको बताउनुभयो। 'व्यवसायीले लगानी गरेर मात्र हुँदैन। लगानी सही ठाउँमा छ वा छैन त्यसको ख्याल गर्नुपर्छ। उत्पादनमुखी क्षेत्रमा लगानी गर्दै त्यसको बजारीकरणमा समेत ध्यान दिएको खण्डमा स्वरोजगारलाई बढ्वा दिन सकिन्छ।'

## आन्तरिक हवाई यात्रामा खोप कार्ड अनिवार्य

**रासस**
**काठमाडौं, २५ पुस**

कोभिड-१९ महामारीको जोखिमलाई दृष्टिगत गर्दै सरकारले आन्तरिक हवाई उडानका यात्रुलाई अनिवार्य खोप कार्डको व्यवस्था गरेको छ।

कोभिड-१९ सङ्कट व्यवस्थापन समन्वय केन्द्र (सिसिएमसी) को आज भएको बैठकले माघ ३ गतेदेखि आन्तरिक हवाई उडानमा खोप कार्ड हुने यात्रुलाई मात्र बोर्डिङ पास उपलब्ध गराउने व्यवस्था मिलाउने निर्णय गरेको हो।

हवाई उडानका लागि विमानस्थल पुग्ने यात्रुले अनिवार्य खोप कार्ड देखाउनुपर्ने निर्णय भएको सिसिएमसीका प्रवक्ता एवम् सहसचिव सुनिता नेपालले जानकारी दिनुभयो। आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानमा यात्रुको भीडभाड कम हुने गरी उडान तालिका मिलाउन पनि सिसिएमसीले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई आग्रह गरेको छ।

त्यसैगरी, यही माघ ३ गतेदेखि लागू हुनेगरी सार्वजनिक स्थानमा भेला र भीडभाड कम गर्न तथा होटेल, रेष्टुरेन्ट, सिनेमा हल, रङ्गशाला प्रवेश गर्दा अनिवार्य रूपमा कोभिडविरुद्धको खोप कार्डले मात्रै प्रवेश दिने व्यवस्था मिलाउने निर्णय भएको छ। त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भएर आन्तरिकतर्फ १० हेलिकोप्टरसहित १९ वायु सेवा प्रदायक कम्पनीले सेवा दिइरहेका छन्।

अन्तरराष्ट्रियमा तीन नेपालीसहित ३० एयरलाइन्सले उडान भर्दै आएकामा कोभिडको दोस्रो लहरपछि अहिले नेपालका दुईसहित २० वटा एयरलाइन्सले उडान सञ्चालन गरिरहेका छन्।

## नैतिक, व्यवहारिक र जीवनोपयोगी शिक्षामा जोड - मन्त्री खड्का

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ पुस**

गण्डकी प्रदेशका भौतिक पूर्वाधार, यातायात व्यवस्था तथा शहरी विकास मन्त्री कुमार खड्काले नैतिक, व्यवहारिक र जीवनोपयोगी शिक्षा बर्तमानको आवश्यकता भएकोमा जोड दिनुभएको छ।



पोखरा महानगरपालिका वडा नं ३२ स्थित गोगन माध्यमिक विद्यालयको ५४ औं वार्षिकोत्सव एवम् अभिभावक दिवसको उद्घाटन गर्दै उहाँले नैतिकता विहिन शिक्षाले डाक्टर, ईन्जिनियर बनाएपनि सभ्य, सुसंस्कृत मानव बनाउन नसक्ने उल्लेख गर्नुभयो। शिक्षा व्यवहारिक र जीवनोपयोगि बन्न नसक्दासम्म त्यसको अर्थ नरहने बताउँदै मन्त्री खड्काले अवसरको खोजीमा युवाहरू विदेशिन बाध्य हुनुपर्ने अवस्थताको अन्त्यका लागि सबै गम्भीर बन्नुपर्ने आवश्यकता औंल्याउनुभयो। "युवाहरूमा

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद,
पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी
कामका लागि हामीलाई सम्झनुहोस्।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नैतिक...

देखिएको १० पास गरे हलो छोड्ने, १२ पास गरे थलो छोड्ने प्रवृत्ति रोक्नु जरुरी छ", उहाँले भन्नुभयो, "अवसरका लागि विदेशिने युवाहरू वाकसमा फर्कनुपर्ने अवस्थाको अन्त्य गर्ने गरी शिक्षा प्रणाली विकास गर्नु आवश्यक छ ।" विद्यार्थीको शैक्षिक प्रगतिमा शिक्षक तथा अभिभावकको महत्वपूर्ण भूमिका हुने बताउँदै उहाँले विद्यार्थी स्वयम् पनि आफ्ना अभिभावकको सपना पूरा गर्ने किसिमले महत्वाकांक्षी सपनाका साथ अध्ययन कार्यमा जुट्नुपर्ने बताउनुभयो ।

गोगन माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मेघराज पौडेलले विद्यालयको अबको प्राथमिकता शैक्षिक गुणस्तरीयता अभिबृद्धि रहेको बताउँदै विद्यार्थी, शिक्षक, अभिभावक सबैको साथ र सहयोगमा विद्यालयलाई उत्कृष्ट शैक्षिक केन्द्रका रुपमा विकास गरिने बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद बराललले गोगन मा.वि.लाई नमुना विद्यालयका रुपमा स्थापित गर्ने लक्ष्यका साथ अध्ययन अध्यापन भैरहेको बताउँदै हाल एक हजार ७५० विद्यार्थी अध्ययनरत भएको जानकारी दिनुभयो । विद्यालयमा कुल ७८ जना शिक्षक मध्ये २१ जना सरकारी अनुदान अन्तर्गत र ५७ जना निजी स्रोत अन्तर्गत रहनुभएको उहाँले जानकारी दिनुभयो । पोखरा महानगरपालिका वडा नं ३२ का वडा अध्यक्ष अक्कलबहादुर कार्कीले यस क्षेत्रकै शैक्षिक विकासमा विद्यालयले महत्वपूर्ण योगदान गरेको बताउँदै शैक्षिक गुणस्तरीयता अभिबृद्धि एवम् भौतिक पूर्वाधार विकासका लागि स्थानीय तहबाट सक्दो सहयोग हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा पोखरा महानगरपालिकाशिक्षामहाशाखाका बरिष्ठ अधिकृत विश्वराज आचार्य, योजना आयोगका उपाध्यक्ष आरसी लामिछाने, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष खेमराज अधिकारी लगायतले विद्यालयको शैक्षिक उन्नयनको शुभकामना व्यक्त गर्नुभयो । कार्यक्रममा विद्यालयका विभिन्न विधामा वर्ष उत्कृष्ट शिक्षकका साथै विद्यार्थीलाई सम्मान गरिएको थियो । कार्यक्रममा विद्यार्थी तथा शिक्षकका विभिन्न सांस्कृतिक प्रस्तुती देखाइएको थियो ।

# संघीय...

बिषेस पहल गर्ने उहाँले बताउनु भयो । संघिय मोडलमा प्रदेश सरकार संस्थापक भएको नाताले बढी जिम्मेवार भएर सिमित श्रोत साधनका बाबजुत काम गर्न कर्मचारीलाई मन्त्री बराललले निर्देशन दिनु भयो । मन्त्री बराललले भन्नु भयो " हामी सवै एक अर्काका परिपुरक हौं, एकले अर्कोलाई सम्मान गर्न सके प्रगतीको पथमा पुग्न सकिन्छ । " कर्मकाण्डी सिस्टम कर्मकाण्डीले सोच तथा तरिकालाई भत्काउनु पर्ने उहाँले बताउनु भयो ।

अर्थ मन्त्रालयका सचिव बैकुण्ठ अर्यालले प्रदेशमा रहेका मालपोत कार्यालयहरुबाट प्रदेश संचित कोषमा दाखिल्ला गर्नुपर्ने राजश्व कम संकलन हुने गरेको गुनासो गर्नु भयो । उहाँका अनुसार गत बर्ष प्रदेशका ११ जिल्लाका मातपोत कार्यालयहरुबाट प्रदेशको संचित कोषमा एक अर्ब ३ करोड १२ लाख राजश्व संकलन भएको थियो । चालु आर्थिक बर्षको हालसम्म प्रदेशका ७ जिल्लाबाट मात्र करिब १८ करोड ५५ लाख मात्र प्रदेश संचित कोषमा राजश्व संकलन भएको सचिव अर्यालले बताउनु भयो । कार्यालयहरुमा अबस्था हेरीकन प्रशासनिक खर्च व्यबस्थापन गर्ने उहाँले बताउनु भयो । प्रणाली व्यबस्थित पार्न सके बिचौलियाको अन्त्य हुने अर्यालले जनाउनु भयो । प्रदेशका भूमि व्यबस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालयका उपसचिव गंगालाल पोखरेलले ६ सय किलोमिटर सडक कास्कीमा भएको दाबी गर्नु भयो । जग्गा मुल्याङ्कन उचित, जग्गाको लगत कट्टा गर्न सके राजश्व बृद्धि गर्न सकिने उहाँले बताउनु भयो । मुस्ताङका मालपोत कार्यालयका प्रमुख हरिबहादुर भुजेल (विभास) ले आफ्नो समुहको प्रस्तुती राख्दै न्यूनतम मुल्याङ्न, घर बाटो सिफारिस, लक्षित बर्गलाई दिइने छुट सुविधामा राजश्व चुहावट भएको बताउनु भयो ।

मुल्याङ्कन बस्तुनिष्ट र यथार्थपरक बनाउनुपर्ने, सवै सडक तथा बाटोको लगत कट्टा गर्नुपर्ने, बिद्यमान कानूनको परिवर्तन गर्नुपर्ने उहाँले बताउनु भयो । प्रदेश भू-उपयोग निती आवश्यक, करको दर भन्दा दायरा फराकिलो पार्नुपर्ने, राजश्व तिर्ने वातावरण सहज बनाउनु पर्ने लगायतका सुझाव दिनु भयो । राजश्व संकलनमा प्रोत्साहन गर्न राजश्व संकलन गर्ने कार्यालयलाई प्रशासनिक खर्च वापत ५ प्रतिशत दिने व्यबस्था गर्न प्रमुख भुजेलले माग गर्नु भयो । मालपोतकार्यालयलेखनाथकाप्रमुख नारायण ढकाल,मालपोत कार्यालय वालिङका प्रमुख रविनकाजी अधिकारी लगायतले श्रोत साधन र कर्मचारी अभाव, विकास पूर्वाधारमा जग्गा प्राप्तीको कानून आवश्यक, बिद्यमान ऐन नियममा संसोधन गर्नुपर्ने, राजश्व छुटमा प्रष्ट निती आवश्यक, कर्मचारीको क्षेमता अभिबृद्धि गर्नुपर्ने बताउनु भएको छ । त्यसै गरी प्रत्येक कित्ताको मुल्याङ्कन निर्धारण गर्न सके राजश्व बृद्धि गरी चुहावट रोक्न सकिने, रियल स्टेस कारोवारीलाई राजश्वको दायरामा ल्याउनु पर्ने, व्यत्तिले ३ प्रतिशत लिने परिपार्टीको अन्त्य गर्नुपर्नेमा सुझाव दिनु भएको थियो । कार्यक्रममा अर्थ मन्त्रालयका उपसचिव वसन्तराज तिवारीले प्रदेशमा १५ वटा मालपोत कार्यालयहरु रहेको बताउनु भयो ।


"लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार"

-लागूऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।

-लागूऔषधको उत्पादन, सञ्चय, ओसार पसार, बिक्रीवितरण तथा सेवन कानूनत: दण्डनीय छ।

-गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।

स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# थप एक हजार १६७ मा कोरोना संक्रमण पुष्टि

रासस
काठमाडौं, २५ पुस

देशभर पछिल्लो २४ घण्टामा थप एक हजार १६७ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ । पछिल्लो २४ घण्टामा १२ हजार ६३२ जनाको नमूना परीक्षण गरिएको थियो ।

आठ हजार ८४८ जनाले पिसिआर र तीन हजार ७८४ जनाले एन्टीजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा २२४ जना कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या आठ लाख १४ हजार २३० पुगेको छ । नेपालमा पिसिआर विधिबाट कोरोना परीक्षण गरिँदा आठ लाख ३२ हजार ५८९ र एन्टीजेन विधिबाट परीक्षण गरिँदा ९७ हजार ४१५ जना सङ्क्रमित भएको मन्त्रालयले जनाएको छ । पिसिआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४९ लाख २८ हजार ६२४ र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या आठ लाख ५८ हजार ३७९ पुगेको छ । कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा ४५ हजार ४९३ रहेको छ । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या छ हजार ७५५ रहेको छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट दुईजनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ६०४ पुगेको छ । हाल भेन्टिलेटरमा रहनेको सङ्ख्या जम्मा १६ र आइसियुमा ७७ जना रहेका छन् । होम आइसोलेसनमा छ हजार १२७, संस्थागत आइसोलेसनमा ६२८ र क्वारेन्टिनमा ११३ रहेका छन् । हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लाहरूमा काठमाडौं, ललितपुर र भक्तपुर रहेका छन् भने दुई सयभन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लाहरूमा सुनसरी, कास्की, बाँके र कैलाली छन् । शून्य सङ्क्रमित रहेका जिल्लाहरूमा मनाङ, मुस्ताङ र र मुगु रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौंमा दुई हजार ९०, ललितपुर ८०३ र भक्तपुरमा ५८८ सक्रिय सङ्क्रमित रहेको मन्त्रालयले जनाएको छ ।

# मानव सेवा आश्रम:भोजनका लागि भजन सन्ध्या

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस



पोखराको छोरेपाटनस्थित मानव सेवा आश्रममा पाँच लाख ५० हजार रुपैयाँ सहयोग प्राप्त भएको छ ।

आकाशलाई छानो र धर्तीलाई विछ्याउना बनाउन बाध्य सडक मानवको उद्धार गर्ने लक्ष्यका साथ सञ्चालित आश्रमद्वारा आयोजित भोजनका लागि भजन सन्ध्या कार्यक्रममा पाँच लाख ५० हजार आर्थिक संकलन भएको हो । गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले उद्घाटन गर्नुभएको कार्यक्रममा उपस्थित बिभिन्न क्षेत्रमा आवद्ध व्यक्तिबाट आश्रममा आश्रित सहयोगापेक्षि मानवको खानाको लागि सञ्चालित भजन सन्ध्यामा ३० जना व्यक्तिबाट उक्त रकम संकलन भएको हो । कार्यक्रममा पूर्वमन्त्री हरि पाण्डेलले चार दिनको खाना बराबरको एक लाख ४२ हजार, सिका शेरचन, विष्णु गुरुङले एक लाख ११ हजार १११, गोरख जैसवाल ३५ हजार पाँचसय, सोनिया गुरुङले भवन निर्माणका लागि ५०/५० हजार रुपैया सहयोग गर्नुभएको थियो । २०७४ साल चैत १७ मा तत्कालिन पर्यटन मन्त्री स्वर्गीय रविन्द्र अधिकारी, आश्रमका संस्थापक अध्यक्ष रामजी अधिकारी र पोखरा आश्रमका संरक्षक डा. गोविन्द तण्डनले सहरका बिभिन्न स्थानमा कष्टकर जीवन बिताउन बाध्य २३ जना सडक मानव (लक्ष्मीनारायण)लाई गृह प्रवेश गराएर सेवा सञ्चालन भएको आश्रममा हाल १५० जना रहनु भएको छ । आश्रममा आवद्धहरूको एक छाक खानाका लागि १५ हजार ५००, विशेष खानाको लागि २२ हजार ५०० र एक दिनको खानाको लागि ३५ हजार ५०० रुपैयाको व्यवस्था गरिएको छोरेपाटन शाखाका कोषाध्यक्ष होमनाथतिमिल्सिनाले जानकारी दिनुभयो । उहाँका अनुसार स्थापनाको चार बर्षको अवधिमा आश्रमले ८२६ जनालाई सेवा प्रदान गरेको छ भने २६२ जनालाई पारिवारिक पुनर्निर्मलन,उपचार पश्चात स्वेच्छाले ३०५ घरमा फर्किनु भएको छ । अन्य शाखामा स्थान्तरण ५१ जना, २७ जनालाई पुन उद्धार गर्नुका साथै आश्रमको संरक्षणमा रहदा ५८ जनाको निधन भएको छ ।

भजन सन्ध्याको उद्घाटन कार्यक्रममा सभामुख अधिकारीले सडक कष्टकर जीवन विताउन बाध्य मानवको सेवामा समर्पित मानव सेवा आश्रमले राज्यले गर्नुपर्ने दायित्व पूरा गरेको बताउनुभयो । संविधानले व्यवस्था गरेको जनताका मौलिक अधिकारको सुनिश्चितताका लागि राज्य गंभीर हुनु पर्ने बताउँदै उहाँले विकास निर्माणसँगै नागरिकका आधारभूत आवश्यकता पुरा गर्न तीनै तहका सरकार जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो ।

गण्डकी प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री मधुमाया अधिकारी गुरुङले गण्डकी सडक मानव मुक्त प्रदेश घोषणा भई सकेको जानकारी दिंदै यसको निरन्तरताको लागि सवैको साथ र सहयोग आवश्यक पर्ने बताउनुभयो । एकलाई परेको समस्या समाधानका लागि अर्कोको सहयोग आवश्यक पर्नेमा जोड दिंदैं उहाँले आश्रममा आश्रित १५० जनाको स्वास्थ्य विमा प्रदेश सरकारले गर्ने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो । विश्वव्यापी फैलिएको कोभिड विरुद्धको खोप प्रदेशका ८१ प्रतिशत भन्दा वढी नागरिकलाई उपलव्ध गराई सकिएको जानकारी दिंदै उहाँले तेश्रो चरणको कोभिडबाट बच्न र बचाउन आवश्यक स्वास्थ्य मापदण्ड पालना गर्न सवैमा अनुरोध गर्नुभयो । नेपाली सेना मध्यकमाण्डविजयपुरकासेनापती बाबुराम श्रेष्ठले जन्मदाता र जन्मभूमीको कर्तव्यप्रति जिम्मेवार हुने खालको नैतिक शिक्षा आजको आवश्यक भएको बताउनुभयो । गण्डकी विश्वविद्यालयका सल्लाहाकार प्रा.डा.मेधनिप्रसाद भण्डारीले मानव सेवा जस्तो धर्म अरु कुनै नहुने बताउँदै विश्वमा सभ्य र सुसंस्कृतिक राष्ट्र नेपाल निर्माणमा मानव सेवा आश्रमको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

मानव सेवा आश्रमका परिकल्पनाकार रामजी अधिकारीका अनुसार एक दशकको अवधिमा संस्थाले छ हजार ३७२ जनालाई सेवा प्रदान गरि सकेको छ । जस अनुसार दुई हजार ४५९ जना पारिवारिक पुनर्मिलन, एक हजार ७१७ जना उपचार पश्चात स्वइच्छाले घरफर्कनु भएको, सामुदायिक पुनस्थापन ३६२ जना, हाल आश्रित एक हजार ५६७ जना, १७२ जना पुन उद्धार र ६४८ जनाको निधन भएको उहाँले जानकारी दिनुभयो । २०८२ सालसम्ममा नेपाल सडक मानव मुक्त राष्ट्रघोषण गर्ने अभियान संस्थाले लिएको बताउँदै अध्यक्ष अधिकारीले पोखरा २५ हेमजामा लगभग २० करोडको लागतमा सुविधा सम्पन्न निर्माणधिन आश्रम भवनको लागि सहयोग गर्न सबैसँग अनुरोध गर्नुभयो ।

मुलुकका ७ वटा प्रदेश अन्तर्गत १७ कार्यालय सहित २४ वटा शाखामार्फत उद्धारको कार्य भई रहेको बताउँदै उहाँले यस संस्थाले दातृराष्ट्रको कुनै पनि सहयोग नलिई आन्तरिक रुपमै समस्याको समाधान गर्दै आएको बताउनुभयो ।

बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावक बिहिन, मानसिक तथा शारिरीकरुरुपमा कमजोर सडक आश्रित मानवको उद्धार गरि आवश्यक उपचार पश्चात आश्रममा आश्रित सडक मानवलाई आयआर्जनमा समेत संस्थाले उपयोग गर्दै आएको छ । कार्यक्रममा गण्डकी प्रदेश सभा सचिव हरिराम पोखरेल, संस्थाका उषा गोशली, आश्रम छोरेपाटनका प्रमुख होमनाथ तिमिल्सिना, संस्थाका राजन सापकोटा लगायतले संस्थाले खेलेको भूमिका र चुनौतिका बारेमा चर्चा गर्नुभएको थियो ।


बाथरोग, प्यारालाइसिस भएका, ढाड दुखेका तथा ढाडमा नशा च्यापिएका विरामीहरूलाई खुशीको खबर

परीक्षण गरिने रोगहरू:

बाथ रोग: घुढा दुख्ने, पुरा शरीर दुख्ने जोर्नीहरु दुख्ने, सुनिने, खिइने, बढि औषधी खाँदा समेत निको नभएका विरामी पुराना तथा नयाँ बाथका विरामीहरु, युरिक एसिड, भएका हात खुट्टाका जोर्नीहरु दुख्ने, पोल्ने झमझमाउने, कुरकुच्चा दुख्ने, बाथ तथा नशाका दुखाइका विरामीहरुले सर्म्पक राख्नुहोला ।

प्यारालाइसिस: शरीरको एकहर नचल्ने, बोल्न बस्न उठन खाना खान गाह्रो हुने, मुख बाङ्गो भएका विरामीहरु ।

ढाड दुख्ने: ढाडमा नशा च्यापिएको, एकातिरको खुटटा दुख्ने, पोल्ने,झमझमाउने, करकरखाने, ढाड बस्दा उठदा, काम गर्दा दुख्ने ।

विरामी परिक्षण विहान ९ बजेबाट साझ ५ बजेसम्म

फोनबाट पनि नाम दर्ता गराउन सकिने छ ।

सर्म्पक:

स्पार्क वि एण्ड डि हस्पिटल प्रा. लि.

पोखरा ८ न्यूरोड, सभागृहचोक

फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०, ९८६६४१५३८०

मिडटाउन सुपर मार्केटको पछाडि पवित्रमार्ग स्टेट न. १ पवित्रमार्ग मेघा हेल्थ केयरको आडमा ।



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :

माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.

नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)

फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.

पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै

फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# एघारौ पोखरा महोत्सवको तयारी पुरा

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस

एघारौ पोखरा महोत्सवको तयारी पुरा भएको छ। युनाईटेड क्लवको आयोजनामा आगामी पुषको २८ देखी माघको ९ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने एघारौ संस्करणको पोखरा महोत्सवको सम्पूर्ण तयारी पुरा भएको पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइयो। पत्रकार सम्मेलनमा वोल्दै युनाईटेड क्लवका अध्यक्ष तथा एघारौ पोखरा महोत्सव मुल आयोजक समारोह समितिका संयोजक राजु श्रेष्ठले महोत्सवको तयारी पुरा भएको वताएका हुन। कोरोना महामारीको विषम परिस्थितीलाई मध्येनजर गरी स्वास्थ्यको मापदण्ड पूर्ण रुपमा पालना गरी महोत्सव सञ्चालन गरिने वताउदै दर्शकहरुलाई ढुक्क भएर महोत्सवमा सहभागी हुन आग्रह समेत गरे।

महोत्सवमा अनिवार्य मास्क र प्रयाप्त मात्रामा सेनिटाइजरको ब्यवस्था संगै थर्मल गनबाट ज्वरो चेक गरी प्रवेश दिइने उनको भनाइ रहेको थियो। दर्शकहरुलाई महोत्सवमा भौतिक दुरी कायम गराइने वताउदै महोत्सवमा आउने दर्शकहरुले लाइन नबसिकन घरमै बसेर टिकट काटेर आउन समेत आग्रह गरे। प्रभु एपबाट दर्शकहरुले टिकट काट्ने ब्यवस्था संगै महोत्सव स्थल प्रवेशद्धारमा समेत पैसा हालेर टिकट लिने मेसिन समेत राखिने भएकाले टिकट काउण्टरमा त्यति मात्रामा भिडभाड नहुने उनको भनाइ रहेको थियो।

माघ ९ गते सम्म सञ्चालन हुने महोत्सवमा विद्यालय स्तरिय लोकनृत्य प्रतियोगिता, ख्यातिप्राप्त लोकदोहोरी कलाकार हरुको प्रस्तुती संगै राष्ट्रिय तथा अन्तराष्ट्रिय ब्याण्डहरुद्धारा लाईभ कन्सर्ट हुने महोत्सव प्रचार प्रसार संयोजक शान्त बहादुर थापाले जानकारी दिए। महोत्सवमा लोकदोहोरी तर्फ पुरुषोत्तम न्यौपाने, प्रीति आले, प्रकाश सपुत, राजु गुरुङ, रामजी खाँड, पशुपति शर्मा, बद्री पंगेनी, राजु परियार, विष्णु खत्री, प्रजापति पराजुली, जीवन दाहाल, चोलेन्द्र सहित स्थानिय कलाकारहरु रहनेछन भने साँझको पप तथा लाईभ कन्सर्ट तर्फ भिटेन, मेलिना राइ, दिनेश ढकाल, छेवाङ लामा, सविन राइ एण्ड फारोह ब्याण्ड, अभय एण्ड स्टीम इन्जीन्स, झिल्के एण्ड द कम्पनी, ए एस एम, लेकाली व्याण्ड तथा लोकल ब्याण्डहरुको प्रस्तुती रहने प्रचार प्रसार संयोजक थापाले वताए। महोत्सवमा अपाङ्ग, वृद्धवृद्धा, एकल महिला, पत्रकार ,सुरक्षा निकायका सुरक्षाकर्मीहरुलाई (पोषाक अनिवार्य) निःशुल्क प्रवेश गराईने र पर्यटन प्रर्वद्धन ,प्रर्यटकिय स्थानको जानकारी दिने स्टललाई निःशुल्क स्टल उपलब्ध गराउनुका साथै कृषि तथा हस्तकलाका स्टलहरु विशेष छुटमा प्रदान गरिएको आयोजकले जनाएको छ।

महोत्सवमा दुई सय ४७ वटा स्टलहरु रहने छनभने महोत्सवमा दुई लाख ५० हजार दर्शकले अवलोकन गर्ने अनुमान गरिएको छ। महोत्सवले देशको कला, संस्कृति, भेष-भुषाको संरक्षणमा टेवा पुऱ्याउने, शिक्षा, स्वास्थ्य, खेलकुद तथा पर्यटनको विकास गरी देशलाई समृद्धि तिर पुऱ्याउने, विकसित सुचना प्रविधिको जानकारी सर्वसाधारण समक्ष पुऱ्याउने, गण्डकी प्रदेशको पर्यटकिय स्थानको बारेमा जानकारी दिनुका साथै आन्तरिक तथा वाध्य उत्पादित वस्तुको बजार सहजीकरण गराउने उद्येश्य लिएको छ। त्यसै गरी महोत्सवको माध्यमबाट सबै कलाकारहरुको प्रतिभा प्रस्फुटनमा सहयोग पुऱ्याउने, आर्थिक चलायमन गराई रोजगार सृजना गराउने र उद्योगको प्रवर्द्धन गर्ने लक्ष्य लिएको छ।

महोत्सवमा विभिन्न जाति, जनजातिका कला संस्कृतिको प्रदर्शनी तथा झांकी प्रदर्शनी, औधोगिक उत्पादनको प्रदर्शनी एवं बिक्री, हस्तकला सामानहरुको प्रदर्शनी एवं बिक्री, सूचना प्रविधीहरुको प्रदर्शनी एवं जानकारी, व्यवसायीक संघ सस्थाहरुको सेवा बारे जानकारी, स्थानिय, राष्ट्रिय तथा अन्तराष्ट्रिय उपभोग्य बस्तुहरुको प्रदर्शनी तथा उचित मुल्यमा बिक्री वितरण, पर्यटन प्रवर्द्धनका सामाग्रीहरुको प्रदर्शनी एवं जानकारी, पोखरा लगायत विभिन्न पर्यटकीय स्थलहरुको जानकारी, चिडियाखानाको स्मारक प्रदर्शनी, सामाजिक संस्थाहरुको परिचय एवं जानकारी, नेपाली संस्कृति झल्किने नृत्य प्रस्तुती लगायतका गतिविधी हुनेछनभने महोत्सवमा राष्ट्रिय स्तरका कलाकारहरु द्धारा दोहोरी गीत प्रस्तुती, राष्ट्रिय तथा अन्तरराष्ट्रिय व्याण्डहरुको लाइभ कन्सर्ट, हांस्य ब्यङ्ग्य प्रस्तुती, उत्कृष्ट स्टललाई पुरस्कार, नेपाली संस्कृति झल्कने प्रस्तुती, चमेना गृहको ब्यवस्था, बाल उद्यान, झाकी प्रस्तुती, विभिन्न मनोरञ्जनात्मक कार्यक्रमहरु हुनेछन।

महोत्सवमा सुरक्षाको उचित प्रबन्ध, शौचालयको उचित व्यवस्था, फ्री वाइफाइको ब्यवस्था, अग्नि, चट्याङ, भुकम्प, हुरीबतास, हुलदंगा बिमा को व्यवस्था, प्राथमिक स्वास्थ्य सेवा तथा एम्बुलेन्सको व्यवस्था, पार्किङको उचित व्यवस्था गरिएको छ। क्लवका महासचिव शान्त बहादुर थापाले सञ्चालन गरेको कार्यक्रममा क्लवका द्धितिय उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेका थिएभने पत्रकार महासंघ कास्कीका सचिव माधव वराल लगायतले महोत्सव सफलताको कामना गरेका थिए।

महोत्सवको मुख्य प्रयोजक बेटर होम एपलाइन्सेस, प्रयोजकहरुमायोकोहामाजापानिज ल्याङ्ग्वेज ट्रेनिङ कन्सल्टेन्सी, स्काइलिंक टेक्नोलोजी, रारा तयारी चाउचाउ, जानकी एग्रो प्रोडक्ट, विषेश सहयोगी संस्थामा पोखरा महानगरपालिका, सहयोगी संस्थामाअमरसिंहमा.वि.,मिडिया पार्टनरमा एविसी टेलिभिजन, फेवा टेलिभिजन, एभरेष्ट एफ एम ९३ मेघाहर्ज र समाधान राष्ट्रिय दैनिक, अफिसियल बैंकमा ग्रीन डेभलपमेन्ट बैंक, प्रवर्द्धकमा नेपाल पर्यटन वोर्ड, अफिसियल इन्टरनेटमा वर्ल्डलिंक, अफिसियल हस्पिटलमा मेडिप्लस ट्रमा सेन्टर रानीपौवा, अफिसियल इन्स्योरेन्समा सगरमाथा इन्स्योरेन्स रहेको छ।

# प्रतिभा मावि तीन दिने स्पोर्टस् मीट सुरु

पोखरापत्र संवाददाता
पोखरा, २५ पुस

पोखराको नदिपुरमा रहेको प्रतिभा माध्यमिक विद्यालयको 'स्पोर्टस् मीट २०७८' आइतबारदेखि सुरु भएको छ। तीन दिनसम्म चल्ने खेलकुद कार्यक्रममा विद्यालयका २८ सेक्शनका विद्यार्थीहरुले विभिन्न खेलहरुमा प्रतिष्पर्धा गर्नेछन्।

कक्षा ११ र १२ मा साइन्स, मेनेजमेन्ट र होटल मेनेजमेन्टका २८ सेक्शनमा गरी १ हजार २ सय ५८ विद्यार्थी अध्ययनरत छन्। उच्च माध्यमिक शिक्षामा उत्कृष्ट नतिजाका कारण धेरै विद्यार्थीको रोजाईमा प्रतिभा मावि परेको हो।

आइतबार एक समारोहका बीच विद्यालयका प्रबन्ध निर्देशक बलबहादुर थापाले विद्यार्थी एरिना पुर्जा पुनलाई बास्केटबल हस्तान्तरण गरी स्पोर्टस् मीटको शुभारम्भ गरे। प्रबन्ध निर्देशक थापाले गुणस्तरीय शिक्षामा मुलुककै अग्रणी विद्यालयमा स्थापित प्रतिभाले खेलकुद तथा रचनात्मक गतिविधिमा पनि अग्रपंक्तिमा उभ्याएको बताए। प्रतिभा गुणस्तर मापन आइएसओ प्राप्त विद्यालय पनि हो।

प्लस टु निर्देशक किरण सापकोटाले प्रतिभाको गर्विलो ईतिहासले यस क्षेत्रमै शैक्षिक शानका रुपमा विद्यालय अघि बढेको बताए। यस वर्ष कक्षा १२ को विज्ञान संकायमा




सुप्रिया मल्लले ३.८५ जीपीए ल्याई कास्की जिल्लामा सर्वोत्कृष्ट हुन सफल भएको र व्यवस्थापनतर्फ ३.७९ जीपीए ल्याई सिमरन थापा सर्वोत्कृष्ट हुन सफल भएकाले विद्यार्थीद्वयलाई आधा तोला सुन र १० तोला चाँदीसहितको प्रतिभा रत्न अवार्डले पुरस्कृत गर्ने जानकारी दिए। वार्षिक खेलकुद कार्यक्रम संयोजक प्रेम शर्माका अनुसार स्पोर्टस् मीटमा छात्र/छात्रा बास्केटबल, छात्र/छात्रा भलिबल।

छात्र फुटसल, सिंगल/डबल छात्र/छात्रा टेबलटेनिस र चेस खेल हुनेछन्। प्राप्त अंकका आधारमा विजेता घोषित गरी आकर्षक पुरस्कारका साथ पुरस्कृत गरिने उनले बताए। उनका अनुसार हिसान मिटमा छात्रा बास्केटबलतर्फ प्रथम हुन सकेको प्रतिभाले टेबलटेनिस र ब्याडमिन्टनमा तेस्रो स्थान प्राप्त गरेको थियो। प्राचार्य विश्वगोपाल पराजुलीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन शिक्षक वीरसिंह बुढाले गरेका थिए भने स्वागत विद्यार्थी विपिन सुवेदीले गरे।

विद्यार्थी तथा खेलाडीहरुको मनोबल उच्च बनाउन, बालबालिकाका प्रतिभालाई प्रस्फुटन गर्न विद्यालयले आर्थिक सहयोग समेत गर्दै आएको छ। सन्दिप लामिछाने, अरुणा शाही जस्ता प्रतिभालाई नगद एक लाखले सम्मान गरिसकेको विद्यालयले मुलुकमा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थी शुरतीलाई समेत एकमुष्ठ डेढ लाख बढीले सम्मान गरिसकेको छ।

मानवीय विपद्मा समेत प्रतिभा अगाडि देखिएको छ। म्याग्दी जिल्लाका बाढी पहिरो पीडितलाई प्रतिभाले ५० हजार नगदसहित सम्मान गरेको थियो।

# भिरकोट नगर अस्पतालमा सौर्य उर्जा जडान

पोखरापत्र संवाददाता
वालिङ, २५ पुस

संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम (युएनडिपी नेपाल) को आर्थिक सहयोगमा स्याङ्जाको भीरकोट नगर अस्पतालमा सौर्य उर्जा जडान गरिएको छ।

विद्युत् आपूर्तिमा पटक पटक समस्या देखिएपछि वैकल्पिक व्यवस्थापनका लागि नगरपालिकाबाट माग भई आएकाले युएनडिपी नेपालको रु ४० लाखको लागतमा सौर्य उर्जा जडान गरिएको युएनडिपी नेपालका गण्डकी लुम्बिनी प्रदेश प्रमुख सुदिप अर्यालले जानकारी दिनुभयो। "अस्पताल जस्तो संवेदनशील ठाउँमा विद्युत्सम्बन्धी समस्या अन्त्य गर्दै सहजरुपमा उपचार गर्नका लागि सौर्य उर्जा जडानमा सहयोग गरेका हौं", उहाँले भन्नुभयो, "यसले आगामी दिनमा सेवा प्रवाहमा सहजता ल्याउनुका साथै वैकल्पिक ऊर्जाको प्रयोगले कार्बन उत्सर्जनमासमेत नियन्त्रण भई वातावरण संरक्षणमा सहयोग पुग्नेछ।" अस्पतालमा १० केभिए क्षमताको ३० वटा सौर्य उर्जा प्यानल जडान गरिएको छ। कोभिड- १९ का समयमा आइसोलेशन सेन्टरकारुपमा रहेको यस अस्पतालको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने गरी तयारी भइरहेको भीरकोट नगर प्रमुख छायाराम खनालले बताउनुभयो। "विद्युत्को वैकल्पिक व्यवस्थापनका लागि युएनडिपी नेपाललाई सहयोगका लागि अनुरोध गऱ्यौं", उहाँले भन्नुभयो, "स्थान हामीले दियौं र युएनडिपी नेपालकै सम्पूर्ण लागतमा १० केभिए क्षमताको सौर्य उर्जा जडान भएको हो।"

अस्पतालले अब छिट्टै सञ्चालनमा ल्याउने तयारी गरेको डाइलोसिस सेवाका लागि सौर्य उर्जाले सहयोग पुग्ने विश्वास नगर प्रमुख खनालको छ। जिल्लाको मध्यभाग र सिद्धार्थ राजमार्गको नजिकै भएकाले पनि यस अस्पताललाई ट्रमा सेन्टरको रुपमा विकास गर्ने तयारिसहित अगाडि बढिएको उहाँले बताउनुभयो।

उक्त अस्पतालमा सूर्योदय ऊर्जा प्रालिले सौर्य उर्जा जडान गरेको हो। जिल्लाको मध्यभाग भीरकोट नगरपालिका-१ हेलुमा अवस्थित भीरकोट नगर अस्पतालमा एकसय शय्या रहेपनि हाल ५० शय्याको स्वीकृति लिएर सञ्चालन भइरहेको छ। विश्वव्यापी महामारीकोरुपमा फैलिएको कोभिड- १९ का समयमा यस अस्पताललाई आइसोलेशन सेन्टरको रुपमा प्रयोगमा ल्याइएको थियो। अस्पतालमा हाल दैनिक ५० बिरामी स्वास्थ्य परीक्षणका लागि आउने गरेको अस्पतालका व्यवस्थापक छायादत्त रेग्मीले जानकारी दिनुभयो। अस्पतालमा हाल चिकित्सकसहित २३ स्वास्थ्यकर्मी कार्यरत छन्।

# रघुगङ्गाको भवन निर्माण

पोखरापत्र संवाददाता
म्याग्दी, २५ पुस

म्याग्दीको रघुगङ्गा गाउँपालिका कार्यालयको भवन निर्माण गरिएको छ। गाउँपालिकाले मौवाफाँटमा भवन निर्माण गरी सेवा प्रवाह गर्न थालेको छ।

चौध कोठाको दुईतले भवनबाट सेवा प्रभाव गर्न सुरु गरिएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो। रु एक करोड ६८ लाखको लागतमा भवन निर्माण गरिएको हो।

भवन निर्माण गर्न गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालयमार्फत रु २६ लाख ५७ हजार विनियोजन गरेको थियो। "बाँकी बजेट गाउँपालिकाले नै व्यवस्थापन गरेको हो", उहाँले भन्नुभयो।

हाल माथिल्लो तलामा २०० जना अटाउने सभाहल निर्माण भइरहेको छ। भवन र सभाहल ठेक्कामार्फत रु ७६ लाख तथा उपभोक्ता समितिमार्फत रु ५३ लाखमा निर्माण अघि बढेको थियो। त्यसअघि गाउँपालिकालले सेवा प्रवाहका लागि ६ घर भाडामा लिएर मासिक रु ८५ हजार भाडा तिर्दै आएको थियो। अब मासिक रु ५० हजार घरभाडा बराबरको रकम जोगिने गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो।

## Provincial Government
## Ministry of Health and Population
## Infectious and Communicable Disease Hospital
## Pokhara-30, Mohoriya, Kaski
## Gandaki Province, Nepal

# Invitation for Sealed Quotation

**Invitation for Sealed Quotation For the Repair and Maintenance Works at ICDH**
**Contract Identification No: ICDH/Works/SQ/ebid-03/078-79**
**Date of Publication: 10 January 2022**

1. The Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski invites electronic sealed quotations from Nepalese eligible bidders for the Repair and Maintenance Works at Infectious and Communicable Disease Hospital. The estimated amount for the works is NRs. 17,09,298.16 (Exclusive VAT and Contingency).
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski, Ph no.061-561268 or may visit PPMO e-GP system website www.bolpatra.gov.np/egp.
3. Bidding documents must be purchased through web portal www.bolpatra.gov.np/egp upon payment of a non-refundable fee of Rs.1000.00 by cash deposit in the account specified below: And submit the receipt Voucher along with the bid.
   Name of the Bank: Rastriya Banijya Bank Ltd. Prithvi Chowk Branch
   Name of the Office: Infectious and Communicable Disease Hospital.Kaski
   Office Code No: 3550639034
   Account No: 1000100501004000
   Rajaswa (revenue) Shirshak No:14229
4. Electronic bids must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 12:00 Noon 25 January 2022. Bids received after this deadline will be rejected.
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 25 January 2022 on 13:00 hours at the office of Infectious and Communicable Disease Hospital,Pokhara-30, Mohoriya, Kaski. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 50,000.00, which shall be valid for 30 days beyond the validity period of the bid.i.e 75 days.
6. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the account specified below. And submit the receipt of the deposited amount of cash along with the bid.
   Name of the Bank : Rastriya Banijya Bank Ltd. Prithvi chowk, Pokhara
   Name of the Office : Infectious and Communicable Disease Hospital.Kaski
   Office Code No : 3550639034
   Dharauti Account No: 3020100202030000 (Pradesh Lekha Niyantrak Karyalaya, Kaski)
7. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The remaining matters not covered in this notice shall be as per prevailing Procurement Act and Regulation.

Office Chief